**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. सर्वोच्च अदालतले एसआईआर मुद्दामा फैसला सुनाएपछि मुख्यमन्त्री ममता ब्यानर्जीले प्रतिक्रिया दिनु भएको छ|

२. पश्चिम बंगालमा, भाजपाले "डबल सेंचुरी" हासिल गर्नेछ - अर्थात् २०० भन्दा बढी सिट जित्नेछ भनी आसामका मुख्यमन्त्री डा. हिमंत विश्व शर्माले दाबी गर्नु भएको छ।

३. पश्चिम बंगालमा चुनाउलाई पूर्ण रूपले निगरानी गर्नको लागि निर्वाचन आयोगले संवेदनशील मतदान केन्द्रहरूमा तीनवटा अनि सामान्य मतदान केन्द्रहरूमा दुईवटा सीसीटीभी क्यामरा जड़ान गर्ने निर्णय लिएको छ।

४. पश्चिम बंगालमा विधानसभा चुनाव अघि यस क्षेत्रमा तैनाथ केन्द्रीय बलका २४ जना कर्मचारी अचानक बिरामी परेपछि निर्वाचन आयोगले हिजो यस विषयमा प्रतिवेदन माग गरेको छ।

५. दार्जिलिङ जिल्ला पुलिस अधीक्षक प्रतिक्षा झारखिया लगायत वरिष्ठ पुलिस अधिकारीहरूले हिजो सोनादा क्षेत्रका विभिन्न मतदान केन्द्रहरुको निरीक्षण भ्रमण गरेक छन्।

**सर्वोच्च अदालतको निर्देशनप्रति मुख्यमन्त्री ममताको प्रतिक्रिया**

सर्वोच्च अदालतको न्यायाधिकरण सम्बन्धी निर्देशनप्रति प्रतिक्रिया दिनु हुँदै मुख्यमन्त्री ममता ब्यानर्जीले भन्नु भयो, "म अत्यन्तै खुसी छु; म न्यायपालिकामा अपार गर्व गर्छु। *मा-माटि-मानुस जिन्दाबाद!* आज म भन्दा खुसी कोही छैन।" मुख्यमन्त्री ममता बनर्जीले हिजो कुचबिहारको एबीएन सिल कलेजको मैदानबाट मतदाता सूचीको विशेष संशोधन प्रक्रिया सम्बन्धी विशेष अधिकारको प्रयोगपछि यो प्रतिक्रिया दिनु भएको छ।

संविधानको धारा १४२ प्रयोग गर्दै, सर्वोच्च अदालतले एसआईआर मुद्दामा फैसला सुनायो। फैसलामा भनिएको छ कि मतदानको दुई दिन अघिसम्म न्यायाधिकरणले मुद्दाको फैसला गर्ने मतदाताहरू चुनावमा भाग लिन योग्य हुनेछन्। सर्वोच्च अदालतको यो निर्देशनपछि, तृणमूल कांग्रेस प्रमुख ममता ब्यानर्जीले मिडियासँग आफ्नो प्रारम्भिक प्रतिक्रिया साझा गर्नुभयो। उहाँले आफ्ना पार्टी कार्यकर्ताहरूलाई पनि विशेष निर्देशन जारी गर्नु भयो। सर्वोच्च अदालतको आदेश अनुसार, पहिलो चरणको मतदानको लागि पूरक मतदाता सूची २१ अप्रेलमा प्रकाशित हुने तालिका छ। मुख्यमन्त्रीले पार्टी नेता र कार्यकर्ताहरूलाई मतदाता पर्ची तयार गर्न र घर-घरमा पुऱ्याउन रातभर काम गर्न निर्देशन दिनु भयो, जसले गर्दा प्रत्येक योग्य मतदाताले आफ्नो मतदान गर्न सक्षम छन् भनी सुनिश्चित गरियोस्।

**मुख्यमन्त्री ममता - कुचबिहार**

पश्चिम बंगाल विधानसभा चुनाउ- 2026 को प्रचार अभियान आफ्नो चरममा पुगेको छ। यसै क्रममा मुख्यमन्त्री ममता ब्यानर्जीले हिजो कुचबिहार जिल्लाको माथाभांगा विधानसभा क्षेत्रको घोजाडांगामा चुनावी जनसभालाई सम्बोधन गर्नु भयो। तृणमूल कंग्रेसका उम्मेद्वार साबलू बर्मनको समर्थनमा आयोजित सो सभालाई सम्बोधन गर्नु हुँदै मुख्यमन्त्रीले भारतीय जनता पार्टी (भाजपा)-माथि धारिलो प्रहार गर्नु भयो। उहाँले दाबी गर्नु भयो, देशका विभिन्न विपक्षी नेता जसमा उद्धव ठाकरे, अखिलेश यादव, एमके स्टालिन औ तेजस्वी यादव सामेल आदि उहाँको सम्पर्कमा छन् र सबैको मान्यता छ कि बंगालमा भाजपाले अत्याचार गरिरहेको छ।

मुख्यमन्त्रीले आरोप लगाउनु भयो, भाजपासित बूथ स्तरमा कार्यकर्ताहरू छैन। उसले एजेन्सीहरूको माध्यमबाट फारम भराएर मानिसहरूलाई राख्ने प्रयास गरिरहेको छ। उहाँले भन्नु भयो, भाजपाले पैसाको बलमा चुनाउलाई प्रभाव पार्ने चेष्टा गरिरहेको छ। महिला आरक्षण बिललाई लिएर उहाँले प्रश्न उठाउँदै अघि भन्नु भयो, यसलाई परिसीमनसित जोड्नु एउटा षड्यन्त्र हो जसको माध्यमबाट राज्यको विभाजन, मतदाताहरूको नाम हटाउने तथा राष्ट्रिय नागरिक रेजिस्टर एनआरसी लागू गर्ने प्रयास गरिँदैछ। उहाँले नाम उच्चारण नगरी केन्द्रिय गृह मन्त्रीलाई लक्षित गर्दै भन्नु भयो, जसले मानिसहरूलाई डिटेन्सन क्याम्पमा पठाउने कुरा गरिरहेको छ, उसैलाई डिटेन्शन क्याम्पमा पठाइनेछ।

**डा. हिमंत विश्व शर्मा खोरीबारी**

पश्चिम बंगालमा, भाजपाले “डबल सेंचुरी” हासिल गर्नेछ - अर्थात् २०० भन्दा बढी सिट जित्नेछ। भाजपा सत्तामा आएपछि समान नागरिक संहिता (UCC) लागू गर्नेछ। यी टिप्पणीहरू आसामका मुख्यमन्त्री डा. हिमंत विश्व शर्माले गर्नु भएको छ। उहाँले फाँसीदेवा विधानसभा क्षेत्रबाट भारतीय जनता पार्टी (भाजपा) उम्मेदवार दुर्गा मुर्मुको समर्थनमा आयोजित खोरीबारीको बतासी पीएसए मैदानमा आयोजित सार्वजनिक र्‍यालीलाई सम्बोधन गर्नु हुँदै थियो। राज्यको सत्तारुढ दल तृणमूल कांग्रेसलाई लक्षित गर्नु हुँदै उहाँले भन्नु भयो, आसाम चुनावमा व्यस्तताका कारण उउहाँ पहिले भ्रमण गर्न नसके पनि पार्टीको निर्देशन अनुसार काम गर्दै ती चुनावहरू समाप्त भएपछि उहाँ यहाँ प्रचार गर्न आइपुग्नु भएको थियो।

राज्य सरकारलाई "माफिया, पैसा र हत्याको सरकार" भनेर वर्णन गर्नु हुँदै उहाँले कानून व्यवस्थाको अवस्थाको बारेमा गम्भीर प्रश्न उठाउनु भयो। आसाम र बंगालको तुलना गर्नु हुँदै उहाँले भन्नु भयो, आसामका चिया बगानका श्रमिकहरूले बढी ज्याला पाउँछन्, जबकि बंगालका श्रमिकहरूले कम पाउँछन्। सरकारी भर्नामा भ्रष्टाचारको आरोप लगाउनु हुँदै उहाँले भाजपाले सरकार बनेपछि लगभग ५ लाख रोजगारी प्रदान गरिने र सम्पूर्ण भर्ना प्रक्रिया पूर्ण पारदर्शिताका साथ सञ्चालन गरिने दाबी गर्नु भयो।

**मतदान केन्द्रहरूमा सीसीटीभी क्यामरा**

पश्चिम बंगालमा आगामी दुई चरणमा हुने विधानसभा चुनाउलाई पूर्ण रूपले निगरानी गर्नको लागि निर्वाचन आयोगले ठूलो फसेला गरेको छ।

***आयोगले संवेदनशील मतदान केन्द्रहरूमा तीनवटा अनि सामान्य मतदान केन्द्रहरूमा दुई वटा सीसीटीभी क्यामरा जड़ान गर्ने निर्णय लिएको छ। पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारी कार्यालयसित सम्बन्धित सूत्र अनुसार संवेदनशील मतदान केन्द्रहरूमा जड़ान गरिने तीनवटा सीसीटीभी क्यामरामध्ये दुईवटा क्यामरा मतदान केन्द्रभित्र अनि एउटा बाहिर जड़ान गरिनेछ। यसरी नै सामान्य मतदान केन्द्रहरूमा एउट क्यामराभित्र र एउटा बाहिर जड़ान गरिनेछ। यी सबै क्यामराहरूलाई जिल्ला नियन्त्रण कक्षसित जोड़िनेछ जुन सम्बन्धित जिल्लाका जिल्लाधिकारीहरूको कार्यालयमा हनेछ। यसको साथै यी क्यामराहरूलाई कोलकातास्थित मुख्य निर्वाचन अधिकारी कार्यालयको केन्द्रिय नियन्त्रण कक्षसित पनि जोड़िनेछ।***
***अधिकारीहरू अनुसार यी क्यामरा आर्टिफिशियल इन्टेलिजेन्स आधारित हुनेछन्। यदि कुनै मतदान केन्द्रमा अनधिकृत मानिसहरूको भीड़ वा अनियमित गतिविधि भयो भने यसको सूचना तुरून्तै जिल्ला तथा केन्द्रिय नियन्त्रण कक्षले पाउनेछ।***
***यी क्यामराहरूको व्यवस्था यसरी गरिनेछ कि मतदान केन्द्रभित्रको सम्पूर्ण गतिविधिको 360 डिग्री दृश्य उपलब्ध हुनसकोस्।***

**केन्द्रीय बलका २४ जना कर्मचारी अचानक बिरामी**

पश्चिम बंगालमा विधानसभा चुनाव अघि यस क्षेत्रमा तैनाथ केन्द्रीय बलका २४ जना कर्मचारी अचानक बिरामी परेपछि निर्वाचन आयोगले हिजो यस विषयमा प्रतिवेदन माग गरेको थियो। यो घटना कुचबिहार जिल्लाको तुफानगञ्जस्थित तल्लीगुडी हाई स्कूलमा भएको थियो, जहाँ यी कर्मचारीहरू तैनाथ थिए। प्रतिक्रियामा राज्य मुख्य निर्वाचन अधिकारीले जिल्ला निर्वाचन अधिकारीसँग विस्तृत प्रतिवेदन मागेका छन्। सीईओको कार्यालयभित्रका स्रोतहरूका अनुसार, बक्सिरहाट पुलिस थानाको क्षेत्राधिकार अन्तर्गत पर्ने सालबारी-२ ग्राम पञ्चायत क्षेत्रको तल्लीगुडी हाई स्कूलमा तैनाथ 'एड हक-६०१, सी कम्पनी' का १४

जना कर्मचारीले पेट दुख्ने र शरीर दुख्ने गुनासो गरे। त्यसपछि उनीहरूलाई तुफानगञ्ज उप-विभागीय अस्पताल पठाइएको थियो। उपचारपछि, १० जना कर्मचारीलाई डिस्चार्ज गरिएको थियो, जबकि चारजनालाई अस्पतालमा निगरानीमा राखिएको छ।

स्रोतका अनुसार, कर्मचारीहरू सोमबार आसामको नागांवबाट कुचबिहार आइपुगेका थिए। लामो सडक यात्राको क्रममा भएको डिहाइड्रेसनका साथै ओभरहेड भण्डारण ट्याङ्कीबाट दूषित पानी प्रयोग गरेर तयार पारिएको खानाका कारण उनीहरूको स्वास्थ्य बिग्रिएको आशंका गरिएको छ। हाल, चिकित्सकहरूले उनीहरूको अवस्थालाई नजिकबाट निगरानी गरिरहेका छन्। प्रारम्भिक जानकारीको आधारमा, राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले घटनाको वास्तविक कारणहरू पत्ता लगाउन जिल्ला निर्वाचन अधिकारीबाट विस्तृत प्रतिवेदन माग गर्नु भएको छ र यसलाई तुरुन्तै पेश गर्न निर्देशन जारी गर्नु भएको छ।

## जिल्ला पुलिस अधीक्षक

दार्जिलिङ जिल्ला पुलिस अधीक्षक प्रतिक्षा झारखिया लगायत वरिष्ठ पुलिस अधिकारीहरूले हिजो सोनादा क्षेत्रका विभिन्न मतदान केन्द्रहरुको निरीक्षण भ्रमण गरेक छन्। भ्रमणको उद्देश्य जनताले शान्तिपूर्वक मतदान गर्न सकोस् भन्ने सुनिश्चित गर्नु रहेको थियो। भ्रमण टोलीमा जिल्ला पुलिस अधीक्षक प्रतिक्षा झारखिया, एडीएम दार्जिलिङ, सुके पोखरी खण्ड विकास अधिकारी, डीवाईएसपी दार्जिलिङ टाउन, सदर सीआई, जोरबंगलो पुलिस थानाका ओसी, सोनादा पुलिस आउट पोस्टका ओसी बिबेक छेत्री आदि सामेल थिए।

पुलिस अधीक्षकले मतदान केन्द्रहरूको भ्रमण गर्नुका साथै सोनादा क्षेत्रका स्थानीय मतदाताहरुसँग पनि भेट गर्नु भयो। उहाँले कुनै प्रकारको डरबिना, कसैको दबाउमा नआई र शान्तिपूर्ण तरिकाले मतदान सम्पन्न गर्न छलफल गर्नु भएको थियो। उहाँले सोनादा होलि क्रस उच्चत्तर माध्यमिक विद्यालय, सोनादा डिग्री कलेज लगायत अन्य मतदान केन्द्रको निरीक्षण गर्नु भयो। भ्रमणबारे बोल्नु हुँदै दार्जिलिङ जिल्ला पुलिस अधीक्षक प्रतिक्षा झारखियाले भन्नु भयो, चुनाउ आयोगले जारी गरेका आठवटा गाइडलाइन अनुसार शान्तिपूर्ण चुनाउ गराउन आज सोनादा क्षेत्रमा रहेका मतदान केन्दहरूको निरीक्षण भ्रमण गरियो। उहाँले चुनाउ आयोगको गाइडलाइन अनुसार चुनाउ सुनिश्चित गर्न पुलिस प्रशासन मतदाताहरुको साथमा रहेको बताउनु भएको छ।

## के. के. गुप्ता

आकाशवाणी खरसाङक कार्यक्रम निष्पादक तथा सहायक स्टेशन निर्देशक श्रीमति के. के. गुप्ताको ८६ वर्षको उमेरमा हिजो निधन भएको छ। उहाँले आकाशवाणी खरसाङमा कार्यक्रम निष्पादकको रुपमा एक डिसेम्बर १९७७ मा कार्यभार सम्हाल्नु भएको थियो। उहाँले आकाशवाणी गान्तोकमा पनि धेरै वर्ष काम गर्नु भयो। ३१ जनवरी १९९५ मा उहाँ सहायक स्टेशन निर्देशक खरसाङको पदबाट अवकाश ग्रहण गर्नु भएको थियो। उहाँको निधनमा आकाशवाणी खरसाङ परिवारले गहिरो शोक समवेदना व्यक्त गरेको छ।

## मतदान सचेतना कार्यक्रम

आफ्नो अमूल्य मतको सही उपयोग गरौं, सचेत बनौं र अरूलाई पनि सचेत बनाऔं भन्ने उद्देश्य लिएर सोनादा डिग्री कलेजमा हिजो एक मतदान सचेतना कार्यक्रम आयोजन गरियो। कार्यक्रम कलेजको चुनावी साक्षात्कार क्लबले कलेजका प्राचार्य डा योगेश खातीको निर्देशनमा तथा राजनितीविज्ञान विभागको आयोजना र कलेजको आन्तरिक गुणवत्ता मुल्यांकन समिति (आईक्युएसी) को सह प्रायोजनामा गरेको थियो। कलेजको प्रेक्षागृहमा आयोजित सचेतना कार्यक्रममा आगामी विधानसभा चुनाउमा प्रथमपल्ट मतदान दिने विद्यार्थीहरु लगायत शिक्षण र अशिक्षणकर्मीहरु उपस्थित रहेका थिए।

****** ० ******